श्री ५ को सरकार

## जलस्रोत मन्त्रालयको सूचना

### मर्स्याङदी जल विद्युत् विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०४२

मर्स्याङदी जल विद्युत् विकास समिति (गठन) आदेश, २०३८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "मर्स्याङदी जल विद्युत् विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०४२" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. मर्स्याङदी जल विद्युत् विकास समिति (गठन) आदेश, २०३८ को दफा १० मा संशोधनः मर्स्याङदी जल विद्युत् विकास समिति (गठन) आदेश, २०३८ को दफा १० को सट्टा देहायको दफा १० राखिएको छ :–

"१० श्री ५ को सरकारसँग सम्पर्क: समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा जलस्रोत मन्त्रालयमार्फत सम्पर्क राख्नु पर्नेछ।"

आज्ञाले,
मधुसूदन ढकाल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

### श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष (पहिलो संशोधन) नियमावली, २०४२

श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष नियमावली, २०४१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष ऐन, २०३९ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष संचालक समितिको परामर्श लिई श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८०

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष (पहिलो संशोधन) नियमावली, २०४२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष नियमावली, २०४१ को नियम १७ मा संशोधनः

श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष नियमावली, २०४१ को नियम १७को उपनियम (१) को शुरुमा "कोषले आफ्नै स्रोतबाट स्वदेश वा बिदेशबाट खरिद वा पैठारी गरेको वा" भन्ने वाक्यांश थपिएको छ।

आज्ञाले,
जितेन्द्रलाल मास्के
श्री ५ को सरकारको सचिव

## श्री ५ को सरकार
## अर्थ मन्त्रालयको सूचना

खण्ड ३४ मिति २०४१।५।५ अतिरिक्ताङ्क २५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको झिटी गुण्टा भारीसम्बन्धी सूचनाको दफा ७ को उपदफा (३) को सट्टा देहाय अनुसारको उपदफा (३) राख्ने श्री ५ को सरकारबाट निर्णय भएकोले यो सूचना प्रकाशित गरिएको छ।

७.३ विदेशी पर्यटकले नेपाल अधिराज्यबाट लैजान सक्ने सौगातको हकमा निजले नेपाल अधिराज्यमा विदेशी मुद्रा सटहीसम्बन्धी कारोबार गर्ने बैङ्क वा त्यस्तो विदेशी मुद्रा सटही गर्न तोकिएको अधिकृत डिलरसँग विदेशी मुद्रा सटही गरेको प्रमाणिक हदसम्म नेपालमा उत्पादित मालसामान विना इजाजतपत्र (निकासीमा बन्देज लागेका बाहेक) लैजान सक्नेछ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।